**गाउँकार्यापालिकाको २९औं बैठकको निर्णय**

**प्रस्ताव तथा निर्णयहरु:**

१. कानून संशोधन सम्बन्धमा।
२. योजना संशोधन तथा थप सम्बन्धमा।
३. गाउँपालिकाको खर्च प्रगति विवरण सम्बन्धमा।
४. विविध।

**निर्णय नं १.**

रुन्टीगढी गाउँ कार्यपालिकाको मिति २०८०।०७।२२ को निर्णय बमोजिम रुन्टीगढी गाउँपालिकाको सहकारी ऐन,२०७५ सैद्धान्तिक स्वीकृति अनुसार तयार भएको सहकारी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८० को तपसिल बमोजिमको मस्यौदा प्रस्ताब गाउँसभामा पेश गर्ने।

तपसिल

**निर्णय नं २**

रुन्टीगढी गाउँपालिकाको पन्ध्रौ गाउँसभामा पेश हुने गरी वडा तथा गाउँपालिकाबाट तपसिल बमोजिम संशोधित भइ आएका योजना/कार्यक्रमहरु / केही नयाँ योजना/कार्यक्रमहरु स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

तपसिल

**<u>निर्णय नं ३</u>**

रुन्टीगढी गाउँपालिकाको चालु आ.ब. ०८०।०८१ को २०८०।०९।११ गते सम्मको पालिकाको तपसिल बमोजिम खर्च प्रगति विवरण गाउँसभामा पेश गर्ने।

तपसिलः

निर्णय नं ४

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३१, मिति २०८०।०९।०५ को प्रतिबद्धता पत्र पेश गर्ने सम्बन्धमा विषयको पत्रानुसार यस गाउँपालिका, नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि,२०८० बमोजिम यस आ.ब. ०८०/०८१ मा कार्यक्रममा सहभागी हुन इच्छुक भएको र सो कार्यक्रममा सहभागी हुन कार्यविधिको प्रावधान बमोजिम गाउँपालिकाले व्यहोर्ने लागत साझेदारीको १५ प्रतिशतले हुन आउने रकम समपुरक कोषबाट खर्च गर्ने तथा सो को लागि प्रक्रिया अगाडि बढाउने।

निर्णय नं ५

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता र कमजोर आर्थिक अबस्थालाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिलः

| क्र सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | ओवि कुमारी भण्डारी | रुन्टीगढी १ राम्ली | बच्चाको नाभिमा जन्मेदेखि नै संक्रमण भै रगत बगिरहेको | रु.५,०००/- |
| २ | दिल बहादुर कामी | रुन्टीगढी ४ मसिना | हर्नियाको अप्रेसन गर्नु पर्ने | रु.८,०००/- |

निर्णय नं ६

यस कार्यालयमा आर्थिक सहायता माग भइ आएका तपसिल बमोजिमका निवेदनहरु माथि छलफल गर्दा देहाय अनुसार हुने गरी भुक्तानी दिने।

| क्र सं | नामथर | आर्थिक सहयोगको मागको प्रकृति | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | इ प्र का होलेरी | गाडि मर्मत | रु९०,००५/- | मर्मत सम्भार कोषबाट भुक्तानी हुने गरी |
| २ | ने क पा | आर्थिक सहयोग | रु१५,०००/- | विविध शिर्षक कोषबाट भुक्तानी हुने गरी |

निर्णय नं ७

यस चालु आ ब मा विभिन्न योजनाहरुको ठेक्का भई बचत हुन आएको रकमबाट आवश्यकता अनुसार खरिद कारवाही गरी थप कार्य गर्ने।